नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
बाँके, नेपालगञ्ज

प.सं. ०७८/०७९
च.नं.

मितिः २०७८।१०।०४

**कोभिड-१९ संक्रमण नियन्त्रण सम्बन्धमा जिल्ला प्रशासन कार्यालय बाँकेबाट जारी आदेश ।**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को नयाँ भेरियन्ट ओमिक्रोन सहितको संक्रमण नेपालमा समेत बढ्दै गएको सन्दर्भमा सोको रोकथाम, नियन्त्रण, निदान र उपचारलाई थप प्रभावकारी बनाउन नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८।०९।३० गतेको निर्णयबाट जारी आदेश, संक्रमक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ बमोजिम निम्नानुसार गर्नु गराउन हुन सम्बन्धित सबैमा यो आदेश जारी गरिएको छ ।

निम्नः

१. सबै प्रकारका आमसभा, जुलुस, सभा, भेला वा धेरै मानिस भेला हुने क्रियाकलाप संवत् २०७८ साल माघ मसान्तसम्म सञ्चालन नगर्ने ।

२. गोष्ठी, सेमिनार, समीक्षा, बैठक जस्ता क्रियाकलापहरु सञ्चालन गर्दा भर्चुअल माध्यमबाट गर्ने । भौतिक रुपमा उपस्थित भई गर्नुपर्ने भएमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी बढीमा २५ जना मात्र सहभागी हुने गरी सञ्चालन गर्ने साथै संवत् २०७८ साल माघ ७ गते पश्चात खोपको पूरा मात्रा लगाएका व्यक्तिहरु मात्र उपस्थित हुने गरी गर्ने ।

३. सिनेमा हल, डान्सबार, दोहोरी, नाचघर, क्लव, हेल्थ क्लव, जिम खाना, स्विमङ पुल, फुटसल, पटके हाटवजार र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम संवत् २०७८ साल माघ १५ गतेसम्म सञ्चालन नगर्ने, नगराउने ।

४. विद्यालय, विश्वविद्यालय, कलेज, ट्यूसन सेन्टर, तालिम वा अन्य प्रकारका शैक्षिक क्रियाकलाप सञ्चालन गर्दा संवत् २०७८ माघ १५ गते सम्म भौतिक उपस्थितिमा नगरी भर्चुअल वा वैकल्पिक शिक्षण सिकाई विधिहरु अपनाई सञ्चालन गर्ने ।

५. विद्यालय, कलेजका पूर्व निर्धारित परीक्षा, जनशक्ति भर्नाका परीक्षा, वैदेशिक रोजगारी र अध्ययनका लागि सञ्चालन गरिने विदेशी भाषा परीक्षा तथा चिकित्सा शिक्षाका सबै किसिमका प्रयोगात्मक कक्षा जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने ।

६. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गरी संवत् २०७८ साल माघ मसान्तसम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने गराउने ।

७. यही माघ ७ गते देखि जिल्लाभित्रका सबै सार्वजनिक निकायमा सेवा प्राप्त गर्न खोप कार्ड (मोबाइलमा फोटो भएपनि हुने) अनिवार्य गर्ने ।

८. सपिङ मल, डिपार्टमेन्ट स्टोर मार्केट वा अन्य प्रकारका पसल एक पटकमा २५ जना भन्दा बढी हुन नहुने, कुनै पनि सामान अनावश्यक रुपमा नछुने, दुई व्यक्तिको बीचमा कम्तीमा दुई मिटर दूरी कायम गर्ने, मास्क

प्रमुख जिल्ला अ...

Scanned with CamScanner

अनिवार्य गर्ने, पटक पटक साबुन पानीले हाल धुने वा सेनिटाइज गर्ने गरी सञ्चालन गर्ने । जनस्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्ने गराउने दायित्व सम्बन्धित व्यवस्थापक वा सञ्चालकको हुने ।

९. पार्टी प्यालेसमा एक पटकमा कुल क्षमताको बढीमा एक तिहाईमा नबढ्ने गरी बढीमा पचास जना मात्र उपस्थित रहने तथा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी प्रमुख जिल्ला अधिकारीबाट पूर्व स्वीकृति लिई विवाह, व्रतबन्ध, न्वारन तथा पास्नी जस्ता धार्मिक, साँस्कृतिक, सामाजिक वा अन्य कार्यक्रम सञ्चालन गर्ने ।

१०. कोभिड-१९ को अत्यधिक वृद्धि भैरहेको वर्तमान अवस्थालाई मध्यनजर राखी समीवर्ती क्षेत्रमा अनावश्यक आवत-जावतको नियन्त्रणमा कडाई गर्ने ।

११. जुनसुकै सार्वजनिक संस्थाको पदाधिकारी वा कर्मचारी कोभिड-१९ बाट संक्रमित भएमा अस्पताल बसेकोमा अस्पतालबाट डिस्चार्ज भएको तीन दिनसम्म तथा होम आइसोलेसनमा बसेकोमा सात दिनसम्मको लागि र कन्टयाक्ट ट्रेसिङमा परेकोमा सम्बन्धित सुपरिवेक्षकको अनुमति लिई कोभिड-१९ परीक्षण नगरेसम्म बढीमा पाँच दिनसम्मको लागि निजको संचित वा पाउने बिदाबाट कट्टा नहुने गरी बिदा जनाउने ।

१२. संस्थाको साधारण सभा वा बैठकमा भर्चुअल र भौतिक उपस्थितिलाई समेत गणपूरक संख्या मान्ने र सम्बन्धित संस्थाको गणपूरक संख्या सम्बन्धमा भर्चुअल उपस्थितिलाई समेत गणपूरक संख्यामा गणना गर्ने गरी व्यवस्था गर्ने ।

१३. यस आदेशमा उल्लेख भए बाहेकका एक पटकमा पच्चीस जना भन्दा बढी जम्मा हुने क्रियाकलाप सञ्चालन गर्नुपरेमा जिल्ला प्रशासन कार्यालयको पूर्व स्वीकृतिमा जनस्वास्थ्यको मापदण्डको पूर्ण पालना गर्ने गरी संचालन गर्ने ।

१४. कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा सेनिटाइजर र मास्कको प्रयोग अनिवार्य गर्ने । कुनै व्यक्तिले मास्क नलागाई आएमा व्यवस्थापकले बढीमा रु. ५/- लिई मास्क उपलब्ध गराउने । मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने ।

१५. सबै प्रकारका व्यवसायहरुको अग्रपङ्तिको काउण्टरमा रही काम गर्ने र ग्राहकहरुलाई नियमित सेवा दिने कर्मचारीको सम्बन्धित निकाय वा संस्थाले हप्ताको दुई पटक एन्टिजेन परीक्षण गराई रिपोर्ट नेगेटिभ आएका व्यक्तिलाई मात्र काममा खटाउने ।

१६. सार्वजनिक तथा निजी प्रदायक एवम् बैंक तथा वित्तिय संस्थाले सम्भव भएसम्म विद्युतीय प्रणाली मार्फत सेवा प्रदान गर्ने व्यवस्था मिलाउने ।

१७. व्यवसायिक, पेशागत र सामुदायिक संघ संस्था तथा अन्य सरोकारवालाले यो आदेशको पालना गर्ने गराउने र कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचार व्यवस्थापनमा सहयोग गर्ने ।

१८. कोभिड-१९ को रोकथाम, नियन्त्रण, निदान, उपचार र निगरानी सम्बन्धमा देहायका निकायले देहाय बमोजिम गर्ने गराउने;

क. सार्वजनिक यातायात सञ्चालन सम्बन्धमा देहाय बमोजिम गर्ने ;

१. सिट क्षमता भन्दा बढी यात्रु नराखे ।

२. सबै यात्रुलाई मास्क अनिवार्य गर्ने ।

३. सवारी साधनको ढोकामा र सवारी साधन भित्र सेनिटाइजको व्यवस्था गर्नुपर्ने ।

४. चालक तथा सहचालकको मास्क र फेस-सिल्ड लगाउनु पर्ने ।

५. सवारी साधनलाई दैनिक रुपमा नियसङ्क्रमित गर्नुपर्ने ।

६. सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकको बढीमा रु. ५/- लिई मास्क उपलब्ध गराउनुपर्ने ।

७. मास्क नलगाउने व्यक्तिलाई सवारी साधन प्रवेश गर्न नदिने ।

प्रमुख जिल्ला अ...

Scanned with CamScanner

८. लामो दुरीमा चल्ने सार्वजनिक यातायातमा वीच वाटोमा थप यात्रु नचढाउने गरी सुरु गन्तव्य देखि अन्तिम गन्तव्यसम्म यातायात सञ्चालन गर्ने र यात्रुहरुको विवरण DCCMC लाई उपलब्ध गराउने ।

९. लामो दुरीमा चल्ने सार्वजनिक यातायातका यात्रुहरुलाई सम्भव भएसम्म एन्टिजेन परीक्षण गर्ने व्यवस्था मिलाउने ।

ख. होटल तथा रेष्टुरेण्टले देहाय बमोजिमका मापदण्ड पालना गरी सेवा दिने ;

१. होटल तथा रेष्टुरेण्टका कामदारले अनिवार्य रुपमा मास्क, फेस-सिल्ड र पञ्जा लगाउने ।

२. होटल तथा रेष्टुरेण्टमा प्रवेश गर्ने सवै सेवाग्राहीलाई मास्क अनिवार्य गर्ने ।

३. कुल क्षमताको आधा भन्दा वढी नहुने गरी कम्तिमा दुई मिटरको भौतिक दुरी कायम गर्नुपर्ने ।

४. सेनिटाइजरको व्यवस्था गर्नुपर्ने ।

५. होटल तथा रेष्टुरेण्टलाई नियमित रुपमा निसङ्क्रमित गर्नुपर्ने ।

६. होटल तथा रेष्टुरेण्टमा कुनै सेवाग्राही मास्क नलगाई आएमा व्यवस्थापकले वढीमा रु. ५/- लिई मास्क उपलब्ध गराउनुपर्ने र मास्क नलगाउने व्यक्तिलाई होटेल तथा रेष्टुरेण्ट प्रवेश गर्न नदिने ।

७. मिति २०७८।१०।०७ गतेपछि खोपको पूर्ण मात्रा लगाएका सेवाग्राहीलाई मात्र खोप कार्डको आधारमा होटेल तथा रेष्टुरेण्टमा प्रवेश गर्न दिने ।

८. होटेलले चेक-इन गर्दाको अवस्थामा वा चेक-इन गरेको २४ घण्टा भित्र आफ्नो होटेलमा बास बस्ने प्रत्येक ग्राहकको एन्टिजेन परीक्षण गर्ने, त्यसपछि ७२ घण्टामा एन्टिजेन परिक्षण गर्ने र सोको विवरण DCCMC लाई उपलब्ध गराउने ।

ग. अस्पताल/स्वास्थ्य कार्यालयको देहाय बमोजिम गर्ने ;

१. कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण, निदान र उपचारका लागि राष्ट्रिय मापदण्ड तथा जनशक्ति परिचालन सहितको प्रतिकार्य योजना वनाई कार्यान्वयन गर्ने गराउने ।

२. अस्पतालमा निश्चित बेड छुट्याई कोभिड केयर युनिटमा सेवा दिने सम्वन्धमा आवश्यक आदेश जारी गर्ने ।

३. संक्रमणको जोखिमको अवस्था हेरी DCCMC संग समन्वय गरी सार्वजनिक, निजी तथा गैरसरकारी स्वास्थ्य संस्था, जनशक्ति, औजार, उपकरण, भवन तथा स्थान स्वास्थ्य सेवा र कार्यको लागि प्रयोग गर्न सक्ने ।

४. १८ वर्षदेखि माथिका उमेर समूहका सबै व्यक्तिलाई खोप केन्द्र वा घुम्ती (मोबाईल) खोप केन्द्र मार्फत २०७८ चैत्र मसान्तसम्म पूर्ण मात्रामा खोप लगाउने ।

५. १२ वर्षदेखि १७ वर्ष उमेर समूहका बालवालिकालाई सबै विद्यालयमा खोप केन्द्र र मोबाइल खोप केन्द्र राखी २०७८ चैत्र मसान्तसम्म पूर्ण मात्राको खोप लगाउने ।

६. ५ वर्ष देखि ११ वर्ष उमेर समूहका बालविलकालाई खोप उपलब्ध गराउन स्थानीय तह मार्फत Line Listing तयार गर्ने, खोपको आपूर्ति गरी २०७८ चैत्र मसान्तभित्र पहिलो मात्राको खोप लगाउने व्यवस्था मिलाउने ।

७. अग्रपङ्क्तिमा काम गर्ने स्वास्थ्यकर्मी, अत्यावश्यक सेवामा काम गर्ने व्यक्ति, सुरक्षाकर्मी, अन्य सरकारी कर्मचारी, पत्रकार लगायत अग्रपङ्क्तिमा काम गर्ने सबैलाई पूर्ण मात्रा खोप लगाएको अवधिको आधारमा २०७८ माघ १ देखि अतिरिक्त मात्रा खोप लगाउने ।

८. खोपको उपलब्धताको आधारमा ५० वर्ष उमेर समूह माथिका व्यक्तिलाई प्राथमिकता दिने गरी पूर्ण, मात्रा खोप लगाएको अवधिको आधारमा २०७८ माघ८ गतेदेखि अतिरिक्त मात्रा खोप लगाउने ।

९. जिल्ला खोप समन्वय समितिले जिल्लामा कोभिड-१९ विरुद्धको खोपको कभरेज बृद्धि गर्ने तथा खोप लगाउन योग्य नागरिकहरुलाई खोप लगाउने व्यवस्था मिलाउने ।

नि. प्रमुख जिल्ला अ....

Scanned with CamScanner

. स्थानीय तहले देहायको व्यवस्था गर्ने ;

१. १५ वेडसम्म क्षमता भएका सरकारी, सामुदायिक, गैरसरकारी र निजी अस्पतालसँग संक्रमितको उपचारका लागि सम्झौता गर्ने, अनुगमन गर्ने र शोधभर्ना भूक्तानीका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सिफारिस गरी पठाउने ।

२. आधारभूत अस्पतालका संरचना नभएका स्थानीय तहले न्यूनतम पाँच वेडको अस्पताल सञ्चालन गर्ने ।

३. होम क्वारेन्टिन र होम आइसोलेसनमा रहेका व्यक्तिको स्वास्थ्य निगरानी तथा अनुगमन गरी थप जाँच वा उपचार आवश्यक पर्ने देखिएमा प्रयोगशाला र अस्पतालसँग समन्वय गरी त्यस्तो संस्थासम्म पुऱ्याउने काम सहजीकरण गर्ने ।

४. कोभिड-१९ को चिन्ह तथा लक्षण भएका व्यक्तिको एन्टिजेन परीक्षण गर्ने र नतिजा नेगेटिभ आएका व्यक्तिको पी.सी.आर. परीक्षण गर्ने व्यवस्था मिलाउने । नतिजा पोजेटिभ आएका व्यक्तिको निकट सम्पर्कमा आएका व्यक्ति पहिचान गरी एन्टिजेन परीक्षण गर्ने ।

५. आफ्नो स्थानीय तहभित्र स्वाव संकलन गर्ने व्यवस्था मिलाउने तथा प्रत्येक वडामा भिडभाड हुन सक्ने स्थान वा हटस्पट पहिचान गरी निःशुल्क टेस्ट गर्ने तथा टेस्टको रिपोर्टिङ गर्ने व्यवस्था गराउने ।

६. स्थानीय तहको स्वास्थ्य केन्द्रमा अनिवार्य रुपमा सातै दिन न्यूनतम १२ घण्टा सञ्चालन हुने गरी कोभिड-१९ विरुद्धको खोप केन्द्र र एन्टिजेन परिक्षणको बुथ राख्ने । साथै नगरपालिका/गाउँपालिकाले जनधनत्वको आधारमा थप खोप केन्द्रहरु राख्नुपर्ने । खोप लगाउने कार्यमा स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थाका चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य आवश्यक जनशक्ति तथा आवश्यकता अनुसार स्वयमसेवक परिचालन गर्ने गराउने ।

७. स्थानीय तहमा द्रुत प्रतिकार्य समूह गठन गरी तयारी अवस्थामा राख्ने ।

८. कोभिड-१९ का कारण मृत्यू भएका व्यक्तिको शवको व्यवस्थापन वा अन्त्यष्टी गर्दा आफ्नो धर्म परम्परा र संस्कृति अनुसार सम्वन्धित परिवार वा समुदायले २५ जना भन्दा बढी मलामी नहुने गरी जनस्वास्थ्यका मापदण्डहरुको पूर्ण पालना गरी गर्ने व्यवस्था मिलाउने । तर सो बमोजिम गर्न सम्भव नभएमा कोभिड-१९ का कारण मृत्यू भएका व्यक्तिको शव व्यवस्थापन सम्बन्धी संक्षिप्त कार्यविधि, २०७६ अनुसार नेपाली सेनाले गर्ने ।

९. क्वारेन्टिन, आइसोलेसन, केस इन्भेस्टिगेसन, कन्टयाक्ट ट्रेसिङ, उपचार व्यवस्थापन, परीक्षण लगायत अत्यावश्यक सामग्री खरिद तथा जनशक्ति परिचालनका लागि आवश्यक व्यवस्था मिलाउने ।

१०. सार्वजनिक यातायातमा यात्रु चढ्न र ओर्लन निर्धारण गरिएको स्थानमा सेनिटाइजर वा हात हुने साबुन पानीको व्यवस्था मिलाउने ।

११. आफ्नो पालिकामा खोप नपाउने व्यक्तिहरु पहिचान गरी कोभिड-१९ विरुद्ध खोप लगाउने अभियानलाई तीव्रता दिई पूर्ण खोप अभियान सञ्चालन गर्ने तथा थप जनशक्ति परिचालन समेत गरी सिफारिस गरिएका खोप लगाउन योग्य नागरिकहरुलाई खोप लगाउने व्यवस्था गरी नियमित खोप केन्द्रहरु सञ्चालन गर्ने ।

१२. निकट भविष्यमा खोप प्राप्त गर्ने ५ वर्षदेखि ११ वर्षसम्मका बालबालिकाको पहिचान र सूची तयार गर्ने र उपलब्ध हुनासाथ लगाउने तयारी गर्ने ।

१३. सार्वजनिक स्थानमा वा सार्वजनिक सेवा प्रदान गर्दा खोप कार्डलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाउने ।

१४. उपर्युक्त कार्यहरुमा सहयोग तथा सहजीकरण गर्न विद्यमान टोल सुधार समिति, टोलस्तरमा गठन भएका कोभिड-१९ सहजीकरण समूह तथा उपभोक्ता समितिलाई परिचालन गर्ने र त्यस्ता समिति वा समूह गठन नभएको अवस्थामा आवश्यकता अनुसार त्यस्ता समिति वा समूह गठन गरी परिचालन गर्ने ।

नि. प्रमुख जिल्ला अधिका...

Scanned with CamScanner

ङ. टोलस्तरमा गठन कोभिड-१९ सहजीकरण समूह, टोल सुधार समिति वा उपभोक्ता समितिले देहाय बमोजिम गर्ने;

१. कोभिड-१९ सम्बन्धमा व्याप्त भ्रम हटाउने गरी जनचेतना फैलाउने, समुदायमा सही सूचना सम्प्रेषण गर्ने तथा जनस्वास्थ्यका मापदण्डहरु पालना गर्न प्रोत्साहन गर्ने ।

२. परीक्षण, क्वारेन्टीन, आइसोलेसन तथा उपचारको लागि सम्पर्क गर्न आवश्यक सहयोग गर्ने ।

३. क्वारेन्टिन वा आइसोलेसनमा बस्नुपर्ने व्यक्ति त्यसरी क्वारेन्टिन वा आइसोलेसनमा बसे नबसेको सूचना स्थानीय तहलाई दिने ।

४. घर वा होटेलमा क्वारेन्टिन वा आइसोलेसनमा बसेका व्यक्तिलाई आवश्यकता अनुसार स्वास्थ्य सम्बन्धी जानकारी उपलब्ध गराउने तथा परामर्श दिने, आवश्यकता अनुसार फलो-अप गर्ने र सूचना अद्यावधिक गर्ने कन्टयान्ट ट्रेसिङ सूमहलाई सहयोग गर्ने ।

५. दुई मिटरको भौतिक दुरी, मास्कको अनिवार्य प्रयोग, सार्वजनिक स्थानमा साबुन पानीले हाल धुने लगायत जनस्वास्थ्यका मापदण्डहरु पालना भए नभएको सुचना स्थानीय तहलाई दिने ।

६. साठी वर्ष माथिका नागरिक, दिर्घ रोग भएका व्यक्तिलाई घर बाहिर नजान अनुरोध गर्ने र जानुपर्ने अवस्था भएमा जनस्वास्थ्यका मापदण्ड पालना गरी गन्तव्यसम्म पुग्न र फर्कन सहजीकरण गर्ने ।

७. कोभिड-१९ विरुद्धको अभियानमा स्थानीय संघ/संस्था, क्लब, शिक्षक तथा स्वयम् सेवक परिचालनका लागि स्थानीय तहलाई सहयोग गर्ने ।

८. खोप अभियानमा आवश्यक सहयोग गर्ने ।

च. आम नागरिकले देहाय बमोजिम गर्ने;

१. जनस्वास्थ्यका मापदण्डको पूर्ण रुपमा पालना गर्ने ।

२. घर बाहिर निस्कदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, प्रयोग गरिएका विसर्जन गर्नुपर्ने मास्क बन्द डस्बिन वा प्याष्टिक झोलामा बन्द गरी सुरक्षित साथ राखी ५ दिन पछि मात्र विसर्जन गर्ने ।

३. घर तथा सार्वजनिक स्थानमा जथाभावी नथुक्ने र प्रयोग गरेको मास्क नफाल्ने ।

४. विदेशबाट नेपालमा आउँदा वा निकट सम्पर्कमा रही कन्टयान्ट ट्रेसिङमा परेमा परीक्षणबाट नतिजा नेगेटिभ भएतापनि कम्तिमा ५ दिन होम क्वारेन्टिनमा अनिवार्य रुपमा बस्ने ।

५. पी.सी.आर परीक्षणका लागि प्रयोगशालामा स्वाब दिएपछि नतिजा नआएसम्म बाहिर हिडुल, भेटघाट वा वैठक नगर्ने ।

६. स्थानीय तह क्वारेन्टिन र आईसोलेसनमा बसेका व्यक्तिलाई सक्दो सहयोग गर्ने ।

७. अन्य व्यक्तिले जनस्वास्थ्यका मापदण्ड पालना नगरेमा स्थानीय तह, स्थानीय प्रशासन, स्वास्थ्य संस्था, टोल सुधार समिति, उपभोक्ता समिति वा सम्बद्ध अन्य निकाय वा संस्थालाई यथाशिघ्र जानकारी गराउने ।

८. होम आईसोलेसनमा बसेका व्यक्ति स्वास्थ्यकर्मीको नियमित सम्पर्कमा रहने र स्वास्थ्य सम्बन्धी कुनै समस्या भएमा तुरुन्तै नजिकको स्वास्थ्य केन्द्र/अस्पतालमा जाने ।

९. नेपाल सरकारले तोको बमोजिम कोभिड-१९ विरुद्धको खोप लगाउने ।

१९. कोभिड-१९ संक्रमणको जोखिम रोकथाम, नियन्त्रण, निदान र उपचारका सम्बन्धमा भए गरेको क्रियाकलापहरु वारे DCCMC ले संयुक्त अनुगमन गर्ने छ । कोभिड-१९ सम्बन्धी स्वास्थ्य सुरक्षाको मापदण्डको पूर्ण पालना नगरेमा वा यस आदेशको अवज्ञा गरेको पाइएमा सङ्क्रामक रोग ऐन, २०२० एवम् स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कारवाही हुनेछ ।

०६।९।२०७८

नि. प्रमुख जिल्ला अधिकारी

Scanned with CamScanner